मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## थापालाई मुख्यमन्त्री बनाउने निर्णय

**मधेशदृष्टि**
**हेटौडा।**
नेकपा एमालेले प्रदेश सभा सदस्य किरण थापालाई बागमती प्रदेश सरकारको मुख्यमन्त्री बनाउने निर्णय गरेको छ। संसदीय दलको बैठकले थापालाई मुख्यमन्त्री बनाउने निर्णय गरेको हो। त्यस्तै संसदीय दलका नेतामा जगन्नाथ थपलियालाई नै निरन्तरता दिने निर्णय पनि बैठकले गरेको छ।
मुख्यमन्त्रीको कुर्सीका लागि एमाले नेताहरू बीच विवाद चर्किरहेको बेला संसदीय दलको बैठकले टुंग्याएको हो। एमाले र नेपाली कम्युनिष्ट पार्टी (नेकपा)बीच नयाँ सत्ता समीकरणको सहमति भएसँगै प्रदेश सरकारहरूको भागबण्डामा बागमती प्रदेशको नेतृत्व एमालेले पाएको हो। मुख्यमन्त्री आफ्नो भागमा परेसँगै एमालेमा कसलाई मुख्यमन्त्री बनाउने भन्ने सन्दर्भमा नेताहरूबीच तीव्र प्रतिस्पर्धा, खिचातानी र आन्तरिक संघर्ष चलेको थियो।

● वर्ष ४ ● अंक २५३ ● २०८३ साल भाद्र ०३ गते बुधबार ● Wednesday 19, August 2026 ● सूर्योदय: बिहान ०५:३४ बजे ● सूर्यास्त: साँझ ०६:४२ बजे ● पृष्ठ ४ ● मूल्य रु. ५/-

### यातायात कार्यालय कलैया:

## कुटपिटको भिडियो प्रकरणदेखि परमादेशसम्म:

# बारा प्रहरीले जाहेरी किन दबायो ?

### ज्यान मार्ने उद्योगको आरोपमा पनि 'मिलापत्र'को दबाब, जाहेरी दर्ता नभएपछि उच्च अदालतमा परमादेशको निवेदन दर्ता



**मधेशदृष्टि**
**कलैया।**
सार्वजनिक कार्यालयभित्र सेवाग्राहीमाथि भएको भनिएको कुटपिटको भिडियो सार्वजनिक भएको महिनौं बितिसक्दा पनि जाहेरी दर्ता गरी कानुनी प्रक्रिया अघि नबढाएको आरोप खेपिरहेको जिल्ला प्रहरी कार्यालय बाराको भूमिकामाथि अब गम्भीर कानुनी प्रश्न उठेको छ। यातायात व्यवस्था कार्यालय कलैयाका तत्कालीन कार्यालय प्रमुख चिन्तन आचार्यमाथि सेवाग्राहीलाई आफ्नै कार्यकक्षभित्र कुटपिट गरेको आरोपमा कारबाहीको माग गर्दै उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगंजमा परमादेशको निवेदन दर्ता भएपछि घटनाले नयाँ कानुनी मोड लिएको हो।
पीडितले पटक–पटक जाहेरी दर्ता गराउन खोज्दा पनि प्रहरीले अस्वीकार गरेको आरोप छ। जिल्ला प्रहरी कार्यालय र जिल्ला सरकारी वकिल कार्यालयसम्म धाउँदा पनि कानुनी प्रक्रिया अघि नबढेपछि अन्ततः पीडित पक्ष अदालतको ढोका ढकढक्याउन पुगेको हो। घटना भएको पाँच महिनाभन्दा बढी र कुटपिटको भिडियो सार्वजनिक भएको करिब दुई महिना पुग्न लाग्दा समेत प्रहरीले जाहेरी दर्ता गरी अनुसन्धान अघि नबढाएको आरोपले प्रहरी प्रशासनको निष्पक्षता र जवाफदेहितामाथि प्रश्न उठाएको छ।

- **भिडियो सार्वजनिक, तर जाहेरी दर्ता भएन**

घटना गत १७ मार्च २०२६ मा भएको हो। सवारी चालक अनुमति पत्र लिन यातायात व्यवस्था कार्यालय कलैया पुगेका कलैया उपमहानगरपालिका–२३ निवासी अरुण कुशवाहामाथि तत्कालीन कार्यालय प्रमुख चिन्तन आचार्यसहित केही कर्मचारीले कार्यकक्षभित्रै गला थिचेर कुटपिट गरेका थिए। पीडितका अनुसार घटनाका बेला कार्यालयमा रहेका ट्राफिक प्रहरीसमेत हस्तक्षेप गर्नुको सट्टा मुकदर्शक बनेका थिए। तत्काल पर्याप्त प्रमाण बाहिर नआएपछि घटना कानुनी प्रक्रियामा प्रभावकारी रूपमा अघि बढ्न सकेन। तर केही महिनापछि कार्यालयभित्रको भनिएको सीसीटीभी फुटेज सार्वजनिक भएपछि घटनाले नयाँ मोड लियो।
सामाजिक सञ्जालमा भिडियो व्यापक रूपमा फैलिएपछि मधेश प्रदेश सरकारले आचार्यलाई कार्यालयबाट सरुवा गरी मन्त्रालयमा तानेको थियो। तर प्रशासनिक सरुवा भएपनि कुटपिटसम्बन्धी फौजदारी आरोपमा अनुसन्धान अघि नबढेको पीडित पक्षको गुनासो छ। भिडियो सार्वजनिक भएपछि बारा प्रहरीले पीडितलाई सम्पर्क गरी जाहेरी दिन आग्रह गरेको थियो। तत्काल पीडित उपस्थित हुन नसक्दा प्रहरीले आचार्यलाई नियन्त्रणमा लिएपनि जाहेरी नपरेको भन्दै जिम्मा जमानीमा छाडेको र त्यससम्बन्धी विज्ञप्तिसमेत जारी गरेको थियो। तर पीडित अरुण कुशवाहाको दाबी भने फरक छ।
उनका अनुसार प्रहरीको विज्ञप्ति सार्वजनिक भएको भोलिपल्ट नै उनी लिखित जाहेरी लिएर जिल्ला प्रहरी कार्यालय बारा पुगेका थिए। तर प्रहरीले जाहेरी दर्ता नगरेको र त्यसयता पटक–पटक धाउँदा पनि 'आज होइन, भोलि आउनुस्' भन्दै फर्काइएको उनको आरोप छ।

- **हुलाकबाट पठाइएको जाहेरी पनि अलपत्र**

पीडितका अनुसार जिल्ला प्रहरी कार्यालयमा प्रत्यक्ष बुझाउन खोज्दा जाहेरी दर्ता नभएपछि उनले १३ जुलाई २०२६ मा जिल्ला हुलाक कार्यालय बारामार्फत औपचारिक रूपमा जाहेरी पठाएका थिए। त्यसबाट पनि कुनै प्रक्रिया अघि नबढेपछि उनले जिल्ला सरकारी वकिल कार्यालयसमेत पुगेको बताए। त्यहाँबाट पनि अपेक्षित प्रक्रिया अघि नबढेपछि ५ अगस्ट २०२६ मा हुलाकमार्फत सरकारी वकिल कार्यालयमा पुनः जाहेरी पठाइएको उनको भनाइ छ।
पीडितको दाबीअनुसार हालसम्म न जिल्ला प्रहरी कार्यालयले जाहेरी दर्ता गरेको छ, न त्यससम्बन्धी अनुसन्धान प्रक्रिया अघि बढाइएको छ। यही अवस्थाबीच मंगलबार, भदौ २ गते, उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगंजमा परमादेशका लागि निवेदन दर्ता भएपछि अब घटनाको कानुनी परीक्षण अदालतसम्म पुगेको छ।

### फौजदारी आरोपमा प्रहरीले मुद्दा मिलाएर टुंग्याउन सक्छ ?

मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ मा ज्यान मार्ने नियतले उद्योग गर्न नहुने व्यवस्था छ। कसुरको प्रकृति र प्रमाणका आधारमा ज्यान मार्ने उद्योगको आरोप स्थापित भएमा गम्भीर फौजदारी दायित्व उत्पन्न हुन सक्छ। त्यस्तै, फौजदारी मुद्दामा मिलापत्र गर्न सकिने वा नसकिने विषय मुलुकी फौजदारी कार्यविधि संहिता र त्यसका सम्बन्धित अनुसूची तथा कानुनी प्रक्रियाले निर्धारण गर्छ। कुनै गम्भीर फौजदारी आरोपमा पीडित र आरोपितबीच निजी सहमति भएको मात्र आधारमा प्रहरीले अनुसन्धान बन्द गर्ने वा मुद्दा आफैं टुंग्याउने अधिकार राख्दैन। यदि घटना कानुनबमोजिम नेपाल सरकार वादी हुने प्रकृतिको कसुरभित्र पर्छ भने अनुसन्धान, सरकारी वकिलमार्फत अभियोजन र अदालतको कानुनी प्रक्रिया आफ्नो स्थानमा रहन्छ। यस कारण यो घटनामा पीडितले ज्यान मार्ने उद्देश्यले कुटपिट भएको भन्दै जाहेरी दिन खोज्दा प्रहरीले त्यसको कानुनी हैसियत परीक्षण गरी अनुसन्धान अघि बढाउनुपर्ने हो। तर प्रहरीले आर्थिक प्रलोभनमै परेर यस घटनालाई टुँग्याउन खोज्नुले प्रहरीको कार्यशैली र कानूनीको खुलेयाम धज्जी उडाइएको प्रष्ट देखिन्छ।
ज्यान मार्ने उद्योगको आरोप लागेको फौजदारी मुद्दामा जिल्ला प्रहरी कार्यालयले दुवै पक्षलाई 'मिलापत्र गराएर' आफ्नो तहमै मुद्दा टुंग्याउने अधिकार छैन। पीडित र आरोपीबीच निजी सहमति वा क्षतिपूर्तिसम्बन्धी सम्झौता हुन सक्छ, तर त्यसले गम्भीर फौजदारी कसुरको अनुसन्धान वा राज्यको अभियोजन प्रक्रिया स्वतः अन्त्य गर्दैन। मिलापत्र हुन सक्ने मुद्दा र नमिल्ने मुद्दाको वर्गीकरण मुलुकी फौजदारी कार्यविधि संहिता तथा त्यसका अनुसूचीहरूले निर्धारण गर्छन्, र ज्यान मार्ने उद्योगजस्तो आरोपमा प्रहरीले निजी सहमतिको आधारमा मात्र कानुनी कारबाही समाप्त गर्न सक्दैन।

- **जाहेरीको साटो 'मिलापत्र'को दबाब?**

यस घटनाको सबैभन्दा गम्भीर पक्ष भनेको पीडितले उठाएको मिलापत्रको दबाब सम्बन्धी आरोप हो। पीडितका अनुसार उनले ज्यान मार्ने उद्देश्यले कुटपिट भएको भन्दै कानुनी प्रक्रिया अघि बढाउन जाहेरी दिएका थिए। तर अनुसन्धान र जाहेरी दर्ताको प्रक्रिया अघि बढाउनुको सट्टा प्रहरीबाट दुवै पक्षबीच सहमति वा मिलापत्र गर्न दबाब दिइएको थियो। पीडितको अनुसार साउन ३ गते पत्रकार तथा स्थानीय बुद्धिजीवीहरूको उपस्थितिमा भएको छलफलमा समेत कानुनी अनुसन्धान अघि बढाउनुको सट्टा दुवै पक्षलाई मिलापत्रतर्फ लैजाने प्रयास गरिएको थियो।
यसभन्दा पनि गम्भीर आरोप पीडितले जिल्ला प्रहरी कार्यालयमा भएको भनिएको एउटा सहमति कागजलाई लिएर लगाएका छन्। पीडित अरुण कुशवाहाका अनुसार जिल्ला प्रहरी कार्यालय बारामा कार्यरत प्रहरी वरिष्ठ नायब निरीक्षक धर्मेन्द्र ठाकुरको इसारामा पीडक आचार्यले साथीमार्फत आफूलाई जिल्ला प्रहरी कार्यालयमा बोलाइएको थियो। आफू मुद्दाको प्रक्रिया अघि बढ्ने विश्वासमा प्रहरी कार्यालय पुगेको भएपनि कागजातको सम्पूर्ण विवरण पढ्न नदिई 'सहमति' भएको भन्ने कागजमा हस्ताक्षर गराइएको उनको दाबी छ। उनले आफूलाई झुक्याएर हस्ताक्षर गराइएको आरोप लगाएका छन्।
जाहेरी दर्ता र अनुसन्धानको साटो फौजदारी घटनामा पीडितलाई सहमतिको कागजमा हस्ताक्षर गराउन दबाब वा छलकपट गरेर हस्ताक्षर गराइएकोले गम्भीर कानुनी र नैतिक प्रश्न उठाएको छ। पीडितले बरिष्ठ सई ठाकुरमार्फत जिल्लाको उपल्लो तहको प्रहरी अधिकारी र आरोपित पक्षबीच आर्थिक वा अन्य प्रभावका आधारमा चलखेल भएको आशंकासमेत व्यक्त गरेका छन्।

- **मन्त्रालय पनि प्रहरीको कारबाही पर्खंदै**

यस प्रकरणमा अर्को महत्वपूर्ण तथ्य श्रम तथा यातायात मन्त्रालय, मधेश प्रदेशको भूमिकासँग जोडिएको छ। घटना सार्वजनिक भएपछि तत्कालीन कार्यालय प्रमुख चिन्तन आचार्यलाई तत्कालै यातायात व्यवस्था कार्यालय कलैयाबाट मन्त्रालयमा तानिएको थियो। तर उनीमाथि लागेको कुटपिट तथा ज्यान मार्ने उद्योगसम्बन्धी आरोपमा जिल्ला प्रहरी कार्यालयबाट हुने फौजदारी कारबाहीको प्रक्रिया पर्खंदै मन्त्रालयले थप आन्तरिक कारबाही तत्कालका लागि रोकेको जनाएको छ।
श्रम तथा यातायात मन्त्रालयका वरिष्ठ उपसचिव धनंजय कुमार सिंहका अनुसार आचार्यलाई घटना सार्वजनिक भएलगत्तै मन्त्रालयमा तानेर राखिएको छ। उनीमाथि ज्यान मार्ने उद्योगसम्बन्धी जाहेरी जिल्ला प्रहरी कार्यालयमा परेको विषयलाई ध्यानमा राख्दै मन्त्रालयले आन्तरिक कारबाही प्रक्रिया तत्काल अघि नबढाई प्रहरीको अनुसन्धान र कानुनी प्रक्रियाको प्रतीक्षा गरिरहेको उनले बताए।
उनका अनुसार फौजदारी घटनामा जिल्ला प्रहरी कार्यालयले के–कस्तो कानुनी प्रक्रिया अघि बढाउँछ र त्यसबाट के निष्कर्ष आउँछ भन्ने आधारमा मन्त्रालयले आचार्यमाथिको आन्तरिक कारबाहीको प्रक्रिया अघि बढाउनेछ। एकातिर मन्त्रालयले प्रहरीको अनुसन्धान र कानुनी कारबाहीको प्रतीक्षा गरिरहेको छ, अर्कोतिर पीडितले भने प्रहरीले जाहेरी नै दर्ता नगरी अनुसन्धान अघि नबढाएको आरोप लगाएका छन्।

- **'जाहेरी दिन आउनुस्' भन्ने प्रहरी, जाहेरी लिएपछि किन मौन ?**

यस घटनामा अर्को विरोधाभास पनि देखिन्छ। भिडियो सार्वजनिक भएपछि बारा प्रहरीले पीडितलाई सम्पर्क गरी जाहेरी दिन आग्रह गरेको थियो। पीडित तत्काल उपस्थित हुन नसक्दा आरोपितलाई नियन्त्रणमा लिएर पछि जिम्मा जमानीमा छाडिएको बताइएको थियो। तर पीडितले जाहेरी लिएर प्रहरी कार्यालय पुगेपछि भने प्रहरीले दर्ता गर्न मानेन। यदि प्रहरीले स्वयं पीडितलाई जाहेरी दिन आग्रह गरेको हो भने, पीडित जाहेरी लिएर पुगेपछि त्यो जाहेरी किन दर्ता भएन ? हुलाकमार्फत पठाइएको जाहेरीमाथि किन आवश्यक कानुनी निर्णय भएन ? जिल्ला सरकारी वकिल कार्यालयमा पठाइएको निवेदनमाथि के प्रक्रिया भयो ? र, सबैभन्दा महत्वपूर्ण घटनाको भिडियो सार्वजनिक भइसकेको अवस्थामा प्रमाण संकलन र निष्पक्ष अनुसन्धान किन प्रभावकारी रूपमा अघि बढेन ? यी प्रश्नको स्पष्ट र दस्तावेजसहितको जवाफ आवश्यक छ।

- **अब अदालतले खोज्नेछ जवाफ**

उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगंजमा परमादेशको निवेदन दर्ता भएसँगै

*बाँकी पृष्ठ ३ मा*

## विद्युत महसुलमा लगाइएको 'भ्याट'
# खारेजीको माग गर्दै हस्ताक्षर संकलन

**मधेशदृष्टि**
**कलैया।**
विद्युत् महसुलमा लगाइएको मूल्य अभिवृद्धि कर (भ्याट) खारेज गर्न माग गर्दै उज्यालो नेपाल पार्टीले मंगलबार बाराको सिमरामा हस्ताक्षर संकलन अभियान सुरु गरेको छ। सरकारमाथि जनदबाब सिर्जना गर्ने उद्देश्यले नागरिकको हस्ताक्षर संकलन अभियान सञ्चालन गरिएको पार्टीले जनाएको छ।
विद्युत् महसुलमा लगाइएको कर हटाउनुपर्ने मागलाई जनस्तरसम्म पुऱ्याउँदै सरकारलाई निर्णय गर्न दबाब दिने उद्देश्य रहेको पार्टीको भनाइ छ। उज्यालो नेपालले विद्युत् महसुलमा लगाइएको भ्याट खारेज गर्नुका साथै डेडिकेटेड तथा ट्रंक लाइनको लामो समयदेखि रोकिएको बक्यौता रकम तत्काल असुल गर्न सरकारसँग माग गरेको छ।



बक्यौता असुलीमा सरकारले आलटाल गरिरहेको आरोप लगाउँदै पार्टीले जनताको आवाजलाई एकीकृत गरी सरकारलाई जवाफदेही बनाउन अभियान अघि बढाइएको जनाएको छ। विद्युत् राजस्व सङ्कलनको माध्यम मात्र नभई उत्पादन, रोजगारी र आर्थिक समृद्धिको प्रमुख आधार भएकाले विद्युत्मा लगाइएका अनावश्यक कर हटाउनुपर्ने पार्टीको तर्क छ।
विद्युतलाई सस्तो, सहज र प्रतिस्पर्धी बनाउन भ्याट पूर्ण रूपमा खारेज गर्नुपर्ने माग गरिएको छ। सरकारले विद्युत् खपतलाई प्रोत्साहन गर्ने नीति लिनुपर्नेमा उल्टै नागरिकमाथि करको भार थपेको भन्दै उज्यालो नेपालले विरोध जनाएको छ। पार्टीले विद्युत्को भ्याट खारेजी र डेडिकेटेड तथा ट्रंक लाइनको बक्यौता असुलीसँगै स्वदेशी विद्युत् खपत बढाउनुपर्ने मागसमेत अघि सारेको छ।
इन्डक्सन चुलोको वितरण तथा प्रयोगलाई प्रोत्साहन गर्न र खाना पकाउने एलपी ग्यासको आपूर्ति सहज बनाउन पनि सरकारसँग आग्रह गरिएको छ।
हस्ताक्षर संकलन अभियानमा पार्टीका केन्द्रीय सदस्य तथा जिल्ला इन्चार्ज अर्जुन शर्मा, केन्द्रीय सदस्य रोशन अधिकारी, मधेस प्रदेश अध्यक्ष राम सिंह (पराग), जिल्ला सदस्य नवीन लामा, सरिता लामालगायतको उपस्थिति थियो।

## सवारी दुर्घटनामा परि
# घाइते भएकी बडुको मृत्यु

**मधेशदृष्टि**
**वीरगंज।**
मकवानपुरको भीमफेदी गाउँपालिका ६ जुरिखेतमा मंगलबार बिहान भएको सवारी दुर्घटनामा घाइते भएकी एक महिलाको उपचारको क्रममा मृत्यु भएको छ। मृत्यु हुनेमा लक्ष्मी बडु रहेको प्रहरीले जनाएको छ। उनी रजिष्ट्रार तारादत्त बडुकी श्रीमती हुन्। उनको वीरेन्द्र सैनिक अस्पताल छाउनीमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ।
काठमाडौंबाट वीरगंजतर्फ आउँदै गरेको प्रदेश ३–०१–००२ झ ५१८३ नम्बरको स्कार्पियो मंगलबार बिहान करिब ७ बजे जुरीखेतमा अनियन्त्रित भई खोल्सामा खसेको थियो। दुर्घटनामा दाङको तुलसीपुर उपमहानगरपालिका–९ घर भएका उच्च अदालत वीरगंजका मुख्य न्यायाधीश ५७ वर्षीय गोकर्ण डाँगी, ५७ वर्षकै रजिष्ट्रार तारादत्त बडु, उनकी श्रीमती ४९ वर्षीया लक्ष्मी, छोरा २५ वर्षीय रितेन्द्र र ३१ वर्षीया रिता घाइते भएका थिए।
दाङको राप्ती नगरपालिका–८ का करिब ३२ वर्षीय चालक छुनिलाल चौधरी समेत घाइते भएका छन्। मुख्य न्यायाधीश डाँगी र चालक चौधरीको मकवानपुरमै उपचार भइरहेपनि बडु परिवारका सदस्यहरुलाई सेनाको हेलिकप्टरबाट छाउनी अस्पताल




पुऱ्याइएको थियो। बिहान करिब सवा १० बजे छाउनी अस्पताल पुऱ्याएकोमा चिकित्सकले करिब साढे १० बजे लक्ष्मीलाई मृत घोषणा गरेका थिए।

## सम्पादकीय

# हिरासतभित्रको अपमानः
# अनुसन्धानको नाममा अतिरिक्त सजाय किन ?

बिहान उज्यालो नहुँदै जिल्ला प्रहरी कार्यालय पर्साको हिरासतभित्र 'डिजेल... पेट्रोल...' भन्ने आवाज उठ्छ । सुन्दा सामान्य लाग्ने यी शब्द वास्तवमा इन्धनसँग सम्बन्धित छैनन् । यो हिरासतको एउटा भयावह संकेत हो रातभर ग्यालिनमा जम्मा गरिएको मानव पिसाब र फोहोर पानीको । शौचालय नभएका कक्षमा रातभर थुनिएर बस्न बाध्य मानिसहरूले बिहान ढोका खुलेपछि आफ्नै पिसाबले भरिएको ग्यालिन बोकेर अर्को कक्षको शौचालयमा लैजानुपर्छ । यो प्रहरी हिरासत हो कि मानिसको न्यूनतम गरिमासमेत बिर्सिएको बन्द कोठा ? राज्यले अनुसन्धानका लागि कुनै व्यक्तिको स्वतन्त्रता सीमित गर्न सक्छ । कानुनले त्यसको अधिकार दिन्छ । तर स्वतन्त्रता खोस्नुको अर्थ उसको मानवीय गरिमा पनि खोस्नु होइन । पक्राउ परेको व्यक्ति अदालतबाट दोषी प्रमाणित भइसकेको अपराधी नहुन सक्छ । ऊ अनुसन्धानका क्रममा रहेको नागरिक हो, जसलाई कानुनले समेत सम्मानजनक र मानवीय व्यवहारको अधिकार दिएको छ । तर पर्सा प्रहरी हिरासतको वर्णित अवस्थाले के अनुसन्धानको नाममा मानिसलाई अनौपचारिक रूपमा अतिरिक्त सजाय दिइँदैछ ? भन्ने प्रश्न उठाएको छ ।

करिब १० गुणा १० फिटको कक्षमा कहिलेकाहीँ २०–२२ जनासम्म थुनुवालाई राखिनु, पर्याप्त शौचालयको अभाव, रातभर पिसाब राखिएको भाँडोकै छेउमा सुत्नुपर्ने बाध्यता र भीडभाडयुक्त बन्द कोठामा रात बिताउनुपर्ने अवस्था कुनै सामान्य व्यवस्थापकीय कमजोरी मात्र होइन । यो राज्यको हिरासत व्यवस्थापनको गम्भीर असफलता हो । खाना खाने ठाउँ, सुत्ने ठाउँ र पिसाब जम्मा गर्ने ठाउँ एउटै भएपछि मानिसको गरिमा कहाँ बाँकी रहन्छ ? यससँगै थुनुवालाई उपलब्ध गराइने खानाको विषय पनि उत्तिकै गम्भीर छ ।

खुदीको भात, पानीजस्तो पातलो दाल र तरकारीको नाममा झोल मात्र दिइने गुनासो छ । आर्थिक रूपमा सक्षम थुनुवाले प्रतिप्लेट पैसा तिरेर राम्रो खाना खान सक्ने, तर गरिब र विपन्न व्यक्ति न्यून गुणस्तरको भनिएको सरकारी खानामा निर्भर रहनुपर्ने अवस्था झन् चिन्ताजनक छ । हिरासतभित्र पनि आर्थिक हैसियतका आधारमा खानाको स्तर फरक हुन्छ भने राज्यको समान व्यवहारको सिद्धान्त कहाँ लागू हुन्छ ?

थुनुवाको खानाका लागि प्रतिदिन रु. १२४.८० उपलब्ध हुने विवरण सार्वजनिक रूपमा उठेको छ भने अब प्रश्न रकमको मात्र होइन, त्यसको उपयोगको हो । प्रतिथुनुवा कति रकम खर्च हुन्छ ? कस्तो चामल, दाल र तरकारी खरिद गरिन्छ ? दैनिक थुनुवा संख्या कति हुन्छ ? खरिद बिल, भण्डारण र खाना वितरणको अभिलेख के भन्छ ? कागजमा खर्च भएको रकम र थुनुवाको थालमा पुगेको खानाबीचको अन्तर कति छ ? यी प्रश्नको जवाफ अनुमानले होइन, अभिलेख सार्वजनिक गरेर दिनुपर्छ । प्रहरी प्रशासनले थुनुवालाई प्रहरी कर्मचारीले खाने मेसबाटै खाना उपलब्ध गराइने दाबी गरेको छ । यदि त्यो दाबी सत्य हो भने थुनुवाबाट किन गुणस्तरहीन खानाको गुनासो आइरहेको छ ? यदि गुनासो गलत हो भने स्वतन्त्र निकायलाई हिरासत निरीक्षण गर्न किन नदिने ? र यदि गुनासो सही हो भने जिम्मेवारमाथि कारबाही किन नहुने ? 'आएर हेर्नुस्' भन्ने प्रतिक्रिया मात्र पर्याप्त हुँदैन । हिरासतको अवस्था सार्वजनिक चासो र मानवअधिकारसँग जोडिएको विषय हो ।

अब पर्सा प्रहरी हिरासतको स्वतन्त्र र निष्पक्ष अनुगमन आवश्यक छ । मानवअधिकार आयोग, राष्ट्रिय मानवअधिकारकर्मी, नागरिक समाज, कानुनी सहायता निकाय वा सक्षम स्वतन्त्र संयन्त्रले वास्तविक क्षमता, थुनुवाको संख्या, शौचालयको अवस्था, खानाको गुणस्तर र खर्चको विवरण जाँच गर्नुपर्छ । आवश्यक परे तत्काल सुधार योजना लागू हुनुपर्छ । हिरासत राज्यको शक्ति प्रदर्शन गर्ने ठाउँ होइन । यो राज्यको कानुनी, नैतिक र मानवीय चरित्र परीक्षण हुने ठाउँ हो । राज्यले कसैलाई हिरासतमा राख्न सक्छ, तर उसलाई आफ्नै पिसाबको ग्यालिनसँगै रात बिताउन बाध्य पार्ने अधिकार कसैलाई छैन । अनुसन्धानका लागि स्वतन्त्रता सीमित हुन सक्छ, तर मानव गरिमा होइन । पर्सा प्रहरी हिरासतभित्र उठेका प्रश्नको उत्तर अब स्पष्टीकरणले होइन 'स्वतन्त्र छानबिन, पारदर्शिता र तत्काल सुधारले' दिनुपर्छ ।

# बर्खामा हिलो, हिउँदमा धुलोः
# दमक–चिसोपानी सडक

रामकुमार लिम्बू

**इलाम ।**
झापाको दमकदेखि इलामको माङसेबुङ गाउँपालिका हुँदै पाँचथरको चिसोपानी पञ्चमी जोड्ने दमक–चिसोपानी सडक (फाल्गुनन्द मार्ग) निर्माण सुरु भएको ३४ वर्ष बितिसक्दा समेत कालोपत्र हुन सकेको छैन । झापा, इलाम र पाँचथरलाई जोड्ने महत्वपूर्ण पहुँच मार्गको रुपमा २०४९ सालमा निर्माण थालिएको सडक अझै अधुरै रहँदा स्थानीयले वर्षौंदेखि सास्ती खेप्नुपरेको छ । झापाको दमकस्थित जिरो प्वाइन्टदेखि पाँचथरको चिसोपानी पञ्चमीसम्म ३३ किलोमिटर सडकमध्ये करिब साढे पाँच किलोमिटर मात्र कालोपत्र भएको छ । एक किलोमिटर कालोपत्रको चरणमा छ भने करिब २६ किलोमिटरको यात्रा अझै सहज छैन । जिरो प्वाइन्टदेखि माङसेबुङ गाउँपालिका–४ मार्चेबुङसम्म साढे छ किलोमिटरबाहेक बाँकी सडकमा स्थानीयले हिलो, धुलो र जोखिमपूर्ण यात्राको समस्या भोग्नुपरिरहेको छ ।

हिउँदमा धुलो र बर्खामा हिलोका कारण स्थानीय विस्तापित हुनुपरेको छ भने यात्रुहरु आजित बनेका छन् । 'जेठदेखि भदौसम्म मोटरसाइकल समेत कुदाउन नसकिने गरी सडक हिलाम्मे हुन्छ, कात्तिकदेखि वैशाखसम्म घरै ढाक्नेगरी आउने धुलोको मुस्लोले हैरान बनाउँछ', सडक छेउमै घर भएका माङसेबुङ–३ का निवर्तमान वडाध्यक्ष मैतराज राईले भने, 'हिउँदमा बिहानको अधिकांश समय त धुलो नियन्त्रण गर्न सडकमा पानी हाल्दाहाल्दै बित्ने गरेको छ ।'

यतिबेला मुस्किलले दमकदेखि चिसोपानीसम्मको यात्रा गर्नुपर्ने बाध्यता छ । लगातारको वर्षाका कारण सडक हिलाम्मे हुँदा यात्रामा जोखिम र सास्ती छ । वर्षा र बाढीले ठाउँठाउँमा खाल्डाखुल्डी परेको छ । ठाउँठाउँमा पोखरीझैँ पानी जमेको छ । अधिकांश क्षेत्र हिलाम्मे बनेको छ । सो सडकमा दैनिक सयौँ मालवाहक एवं यात्रुवाहक सवारीसाधन तथा मोटरसाइकल ओहोरदोहोर गर्ने गर्छन् ।

यात्रुहरुले जोखिम मोलेर कष्टकर यात्रा गर्न बाध्य छन् । आफूले समेत श्रमदान गरेर ट्र्याक खोलेको सो सडक साढे तीन दशक बितिसक्दा समेत नबन्नु विडम्बना रहको राई बताउँछन् । सूर्योदयको दृश्यावलोकन गर्न सकिने तीनथुम्बे र माङमालुङ डाँडा, चिताएको मनोकाङ्क्षा पूरा हुने गजुरमुखी धाम, सहिद रत्नकुमार वान्तवा सहादतस्थल आँपडाँडा, किरात धर्मावलम्बीहरुको आस्थाको केन्द्र लारुम्बा (माङसेबुङ) जस्ता विभिन्न धार्मिक एवं पर्यटकीयस्थलको अवलोकन गर्न आउने पर्यटकहरुलाई समेत आवतजावतमा समस्या हुने गरेको स्थानीयहरु बताउँछन् । सडक निर्माण पूरा नहुँदा इलामको माङसेबुङ र फाकफोकथुम गाउँपालिका एवं देउमाई नगरपालिका र पाँचथरका



मिक्लाजुङ, फाल्गुनन्द, तम्बेवा, कुम्मायक गाउँपालिकालगायतका बासिन्दालाई झापा आउजाउ गर्न एवं दैनिक उपभोग्य सामग्री ओसारपसार गर्न समस्या भएको छ । यहाँका हजारौँ नागरिकले दैनिक आवतजावत गर्ने र कृषि उत्पादनलाई बजारसम्म पु¥याउन सकस हुँदा स्थानीयवासी आक्रोशित बनेका छन् ।

हिउँदमा धुलाम्मे र वर्खामा हिलाम्मे हुँदा यात्रा गर्न निकै कष्टकर बनेको पाँचथरको कुम्मायक गाउँपालिका–५ यासोकका चिरञ्जीवी घिमिरेले बताए । "झापाको दमकबाट कुम्मायक जाने सबैभन्दा छोटो दूरीको बाटो यही हो, तर बर्खामा हिँडडुल गर्न एकदमै समस्या छ", उनले भने, "दूरी छोटो भए पनि यात्रा कष्टकर छ । यसलाई चाँडो सम्पन्न गर्न सम्बन्धित पक्षले ध्यान दिनुपर्छ ।" माङसेबुङ गाउँपालिका–२ का यातायात व्यवसायी सुरेश योङहाङले बर्खाको समयमा दुःखले मात्र यातायातका साधन सञ्चालन गरिरहेको बताए । 'बर्खामा असहज बाटोका कारण गाडीमा आम्दानीभन्दा खर्च बढी आउने गरेको छ', उनले भने ।

### सडकको हालसम्मको प्रगति

सो सडकको पहिलो खण्डअन्तर्गत जिरो प्वाइन्टदेखि मार्चेबुङसम्म छ दशमलव २९ किलोमिटर कालोपत्रे सम्झौता भएको आठ वर्ष पुग्यो । आठ वर्षमा साढे पाँच दशमलव २९ किलोमिटर मात्र कालोपत्र भएको छ । एक किलोमिटर अधुरै छ । सो सडकखण्ड कालोपत्रका लागि २०७५ साउन २९ गते ३० महिनामा सक्नेगरी महालक्ष्मी–किरातेश्वर जेभीले ठेक्का सम्झौता गरेको थियो । तर ठेकेदार कम्पनीले निर्धारित समयमा त काम गरेन नै, चौथो पटक म्याद थप गर्दा समेत काम सम्पन्न नगर्दा स्थानीयलाई यात्रा गर्न सास्ती छ । अन्तिमपटक थपिएको म्याद समेत २०८० असार मसान्तमै सकियो । रु २२ करोड ५९ लाख ६४ हजारमा छ दशमलव २९ किलोमिटर सडक कालोपत्रे गर्ने ठेक्का सम्झौता भएको थियो ।

हाल ठेकेदार कम्पनी महालक्ष्मी–किरातेश्वर जेभीले दैनिक जरिवानामा काम गरिरहेको सडक डिभिजन दमकका डिभिजन प्रमुख इन्जिनियर श्यामकुमार यादवले बताए । 'अन्तिम पटक थपिएको म्याद सकिएको पनि तीन वर्ष भइसक्यो', उनले भने, 'अहिले ठेकेदार कम्पनीले दैनिक जरिवानामा काम गरिरहेको छ, अब एक किलोमिटर जति कालोपत्र हुन बाँकी छ, कार्यालयको तर्फबाट ताकेता गरिरहेका छौँ ।' त्यसबाहेक सो सडकअन्तर्गत झापाको दमकदेखि घर्तीदोधानसम्म रतुवा खोलाको किनारैकिनार र त्यसपछि माङसेबुङ–चतुरे–माङमालुङ–चिसोपानीसम्म करिब ३३ किलोमिटर ट्र्याक भने खुलेको छ ।

### साढे दुई वर्षदेखि काम ठप्प

सो सडकको दोस्रो र तेस्रो खण्डको काम भने साढे दुई वर्षदेखि ठप्प रह्यो । दोस्रो खण्ड १५ किलोमिटर र तेस्रो खण्ड ११ किलोमिटर सडक चौडा गर्ने र कालोपत्रे गर्ने ठेक्का लुम्बिनी–गणपति जेभीले पाएको थियो । दुवै खण्ड सडक तीन वर्षमा कालोपत्र सम्पन्न गर्ने गरी २०७६ फागुन २ गते ठेक्का सम्झौता भएको थियो । दोस्रो खण्ड रु ५४ करोड ४४ लाख ८७ हजारमा र तेस्रो खण्ड रु ५९ करोड १५ लाख ३५ हजारमा ठेक्का सम्झौता भएको थियो । दुवै खण्डको म्याद २०७९ फागुन २ गते सकिए पनि काम सम्पन्न नभएपछि २०८० पुस मसान्तसम्म म्याद थपियो । तर, थपिएको समयमा दोस्रो खण्डमा करिब ६२ प्रतिशत र तेस्रो खण्डमा करिब २८ प्रतिशत मात्र काम गरेर ठेकेदार कम्पनी काम छाडेर हिँडेपछि सबै काम ठप्प रह्यो ।

ठेकेदार कम्पनीले काम छाडेर हिँडेपछि २०८० चैत १३ गते सरकारले लुम्बिनी–गणपति जेभीसँग ठेक्का सम्झौता रद्द गरी बैंक ग्यारेन्टी जफत गर्‍यो ।

त्यसविरुद्ध विपक्षी कम्पनीले उच्च अदालत पाटनमा रिट दायर गरे पनि अदालतले रिट खारेज गरिदियो । यसअघि कम्पनीले जिल्ला अदालत झापामा करार सम्झौताको यथावत परिपालना गराइपाउँ भनी अर्को मुद्दा दायर गरेको थियो । सो मुद्दाको सम्बन्धमा जिल्ला अदालत झापाले २०८२ पुस २१ गते 'मध्यस्थताद्वारा विवाद समाधान गराउनुपर्ने' आदेश दिएको छ । आदेशको कार्यान्वयन हुन बाँकी रहेको सडक डिभिजन प्रमुख इन्जिनियर यादवले बताए ।

### पुरानो ठेक्का तोडेपछि नयाँ आह्वान

दमक–चिसोपानी सडकको ३३ किलोमिटरमध्ये २६ किलोमिटर सडक कालोपत्र गर्नका लागि सरकारले गत असार ५ गते पुनः नयाँ ठेक्का आह्वान गरेको छ । चालु आर्थिक वर्ष ०८३÷८४ बाटै निर्माण सुरु हुने गरी ठेक्का आह्वान गरिएको सडक डिभिजन दमकका प्रमुख श्यामकुमार यादवले बताए । त्यसका लागि १९ वटा निर्माण कम्पनीले प्रस्ताव पेस गरेका छन् । प्राविधिक प्रस्तावको मूल्याङ्कन गर्ने काम भइरहेकाले आर्थिक प्रस्ताव खोल्न केही समय लाग्ने उनले बताए ।

यस सडकको २६ किलोमिटर कालोपत्र गर्नका लागि बहुवर्षे ठेक्का आह्वान हुँदा विभिन्न १९ वटा निर्माण कम्पनीले प्रस्ताव पेस गरेको बताइएको छ । प्राविधिक प्रस्तावको मल्याङ्कन भइरहेको छ, आर्थिक प्रस्ताव खोल्न अझ केही समय लाग्ने उल्लेख गर्दै उनले ठेक्का प्रक्रियाको काम सम्पन्न भएपछि सम्झौता हुनसाथ काम सुरु गरिने बताए । सो सडक कालोपत्रेका लागि सङ्घीय सरकारले रु एक अर्ब ६४ करोडको स्रोत सहमति दिएको छ । चालु आवका लागि रु १२ करोड समेत विनियोजन भएको डिभिजन प्रमुख इन्जिनियर यादवले जानकारी दिए ।

जिल्ला अदालत झापाबाट मध्यस्तामार्फत मुद्दा टुङ्गो लगाउने आदेश आएपछि नयाँ प्रक्रिया थालिएको उनको भनाइ छ । 'झापा जिल्ला अदालतले मध्यस्थता प्रक्रिया अघि बढाउन भनेपछि सडक विभागबाट ठेक्का लगाउन सहमति लिएर नयाँ ठेक्का आह्वान गरिएको हो', उनले भने । निर्माण थालनी भएको साढे तीन दशकसम्म निर्माण हुन नसक्दा निरास भएका स्थानीयवासी यसपटक भने आशावादी छन् । 'वर्षौंदेखि बाटो बन्छबन्छ मात्र भनियो तर कहिल्यै बनेन', माङसेबुङ–२ का मिलन लिम्बूले भने, 'नयाँ ठेक्का आह्वान भएपछि आशा पलाएको छ । आवश्यक खबरदारीसँगै सकरात्मक सहयोग गरेर यसलाई पूर्णता दिनुपर्छ ।'

### मालवाहक सवारी चलाउन रोक

माङसेबुङ गाउँपालिकाले मङ्गलबारदेखि सो सडकमा हेभी मालवाहक सवारीसाधन (ट्रक, टिप्पर, ट्रेलर÷लोबेठ तथा अन्य भारी क्षमताका मालवाहक सवारी) चलाउन रोक लगाएको छ । माङसेबुङ गाउँपालिकाअन्तर्गत पर्ने क्षेत्रमा वर्षाका कारण क्षतिग्रस्त भई यातायात सञ्चालनमा जोखिम उत्पन्न भएपछि मर्मतसम्भार तथा पुनस्थापना कार्य भइरहेको हुँदा अनिश्चितकालसम्मका लागि मालवाहक सवारी सञ्चालनमा रोक लगाइएको माङसेबुङ गाउँपालिका कार्यवाहक अध्यक्ष विनोदकुमार नेम्बाङले बताए । 'माङसेबुङ गाउँपालिकाभित्र पर्ने विभिन्न क्षेत्रका क्षतिग्रस्त सडक मर्मतसम्भारको कार्यलाई सुरक्षित, व्यवस्थित र समयमै सम्पन्न गर्नका लागि उपभोक्ता समितिले दिएको निवेदनका आधारमा मालवाहक सवारीसाधनलाई वैकल्पिक मार्ग प्रयोग गर्न अनुरोध गर्दै सो सडकमा सञ्चालन गर्न रोक लगाइएको छ', उनले भने, 'अत्यावश्यक वस्तुहरुको ढुवानी गर्ने सवारीसाधनलाई भने कुनै रोकतोक छैन ।'

### तीन पालिकाले मर्मतसम्भार गर्दै

नागरिकहरुलाई आवतजातवमा सहजताका लागि इलाम र पाँचथरका तीनवटा पालिकाले सो सडक मर्मतसम्भार सुरु गरेको छ । इलामको माङसेबुङ र फाकफोकथुम एवं पाँचथरको मिक्लाजुङ गाउँपालिकाले संयुक्त रुपमा सो सडक मर्मतसम्भारको काम सुरु गरेका हुन् । माङसेबुङ गाउँपालिकाले रु १५ लाख, फाकफोकथुम गाउँपालिकाले रु सात लाख र मिक्लाजुङ गाउँपालिकाले रु आठ लाखको साझेदारीमा कूल रु ३० लाखको लागतमा मर्मतसम्भारको काम सुरु गरिएको नेम्बाङले बताए ।

बढी समस्याग्रस्त क्षेत्र माङसेबुङ–३ भञ्ज्याङदेखि माङसेबुङ–२ को माङबालुङ (रक्से) बजारसम्म खाल्डाखुल्डी सम्याउने र ग्राभेल गर्ने काम भइरहेको छ । सडक समयमै स्तरोन्नति भए माङसेबुङसहित इलाम र पाँचथरका हजारौँ नागरिकको आवागमन सहज हुने स्थानीयको भनाइ छ । सडक निर्माण पूरा हुँदा यस क्षेत्रको व्यापार, पर्यटन र समग्र आर्थिक गतिविधिमा समेत सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ । सो सडक निर्माणको सुरुआत २०४९ सालमा सुरु गरिएको थियो । रासस

# आँखैअघि मानसिंहको
# चारतले सपना ढलेपछि

प्रतीक्षा आले

**गोरखा ।**
साउन १८ गते सोमबार बिहान करिब ११:०० बजेको थियो । बिहानैदेखि अविरल वर्षा भइरहेको थियो । सदाझैँ मानसिंह गुरुङ र उनकी श्रीमती चित्रकुमारी बिहानको खाना खाइवरी आराम गर्दै थिए । दुईवर्षका नाति पनि थिए साथमा । बुहारी जागिरमा गएकी थिइन्, नातिनी विद्यालय । मानसिंहका छोरा आकाश भने मनकामनामा जागिरे छन् । उतै बस्थे । गोरखा नगरपालिका–९ लक्ष्मीबजारको दिवामार्गस्थित मानसिंहको घरमा एक्कासी चट्चट् केही चुँडिएको जस्तो आवाज आयो । उनीहरु झसङ्ग भए । केही सेकेन्डपछि फेरि पनि चट्चट् गर्दै झनै चर्को आवाज दोहोरियो । फटाफट बाहिर निस्कदा आँगन चिरिन र छापिएका ढुङ्गाहरु भत्कन थाले । दायाँबायाँका इट्टाका गाह्रोहरु उप्कन थाले । उनीहरु झनै आत्तिएर, सडकतिर दौडिए । यत्तिकैमा पोलबाट घरसम्म टाँगिएको बिजुलीको तार चुँडियो । हेर्दाहेर्दै आँखै अगाडि उनीहरुको चारतले सपना गल्याम्म ढल्यो । 'केही मिनटमै घर गल्याम, गुर्लुम् ढल्यो । मैले त केही सोच्नै सकिनँ । होसै हराए जस्तो भयो', ५९ वर्षका मानसिंह गुरुङले भने ।

लक्ष्मीबजार मानसिंहको पुर्ख्यौली थलो होइन । शहिदलखन गाउँपालिका–१ ठूलो दिप्लिङबाट उहाँ यहाँ बसाइँ सरेर आएका हुन् । गुरुङ मात्र होइन, राम्रो शिक्षा, गुणस्तरीय स्वास्थ्य सुविधा र रोजगारीको अवसरको खोजीमा ठूलो दिप्लिङ, सानो दिप्लिङ, खान्चोक, बक्राङलगायत गाउँबस्तीका अधिकांश मानिस यहाँ घर बनाएर बसेका छन् । मानसिंहले दुःखसुख गरेर २०६६ सालतिर लक्ष्मीबजारमा घडेरी जोडेका हुन् । 'अलिअलि कमाएपछि सबैलाई बजार बस्न मनलाग्दो रहेछ । हामी पनि छोराहरु पढाउँला, दुःखसुख गरेर खाउँला भनेर यहाँ आएका थियौँ', उनले भने । उनी प्रहरी सेवाबाट २०६० सालमा अवकाश लिएपछि वैदेशिक रोजगारीमा गए । राष्ट्रसेवक हुँदाको कमाइ र वैदेशिक रोजगारीको आम्दानी जोरजाम गरेर उनले लक्ष्मीबजारमा घरघडेरी जोडे । मानसिंहले आफ्नो जीवनकालको सारा कमाई सहरमा बस्ने रहरका लागि खर्च गर्नुभयो, जुन रहर सोमबार उनको आँखा अगाडि ढल्यो । गुरुङले भूकम्पपछि २०७४ सालमा ७७ लाख रुपैयाँ खर्च गरेर लक्ष्मीबजारमा चारतले घर बनाएका थिए ।

मानसिंहले २०७४ सालमा सबै मापदण्ड पु¥याएर लक्ष्मीबजारमा घर बनाएका थिए । घर बनाएको १० वर्ष नबित्दै यसरी ढल्ला भन्ने उनले सपनामा समेत कल्पना गरेको विषय होइन । गत शनिबारदेखि परेको पानीले उनको घरबाट केही मिटर पर सडकमा चिरा भने देखिएको थियो । मानसिंहको घर जगबाटै ढलेको छ ।

घर ढलेर आडमा रहेको छिमेकी किसनदेवको घरमा पनि केही क्षति भएको छ । ढलेको उनको घर, हरेक दिन अलिअलि तल सरिरहेको छ । सोमबार मानसिंहको परिवारमा अकल्पनीय चोट आइप¥यो । घर ढलेको भिडियो फेसबुकमा देखेपछि मानसिंहका कान्छा छोरा 'आकाश' माथि दुःखको आकाश खस्यो । उनी मनकामनाबाट रन्थनिँदै घर दौडिए । 'धन्न परिवारमा कसैलाई केही भएन, घर ढल्दा भाडामा बस्ने ठेकेदारभित्र परेछन् । धन्न उनीहरुलाई पनि केही भएन', गह्रुँगो मन गर्दै आकाशले भने । आफ्नो सपनाको महल ढल्दा उनको मनमा त अनेकन चोट परेको हुँदो हो । तर, उनी मानवीय क्षति भने नभएको भन्दै आफ्नो मन बुझाउँदै थिए ।

मानसिँहकी श्रीमती ५३ वर्षकी चित्रकुमारी भने घर ढलेको त्यो भयावह दृश्यबाट अझै बाहिर आउन सकेकी छैनन् । दिनभर घर हेर्न, भेट्न र सहयोग गर्न आउने मान्छेहरुसँग मन भुलाउने उनीलाई साँझ परेपछि भने पिर लाग्छ । सोमबारयता उनले आँखा झिमिक्क गरेकी छैनन् । '१७÷ १८ वर्ष भयो यहाँ आको । धेरै वर्ष अरुकोमा भाडा गरेर बसियो । बल्लतल्ल दुःखसजिलो गरेर हामीले पनि आफ्नै घर ठड्याएका थियौँ', चित्र कुमारीले भनिन्, 'आज सोच्दै नसोचेको भयो, आँखैअघि घर लड्दा केही सोच्नै सकेको छैन । यस्तो दुःख कसैलाई नहोस् ।' अहिले मानसिंहको परिवार स्थानीय सन्तबहादुर गुरुङको घरमा आश्रित छ । सन्तबहादुरले उनीहरुका लागि एउटा फ्ल्याट नै खाली गराइदिएका छन् । घर लडेपछि सेना, प्रहरी र स्थानीयहरु मिलेर घरभित्रका केही सरसामानहरु निकालिदिएका छन् । महत्वपूर्ण कागजातहरु, केही फर्निचर र लत्ताकपडा निकालेको मानसिंहले बताए ।

चित्रकुमारीलाई भने कतिञ्जेल अरुकोमा आश्रित हुनुपर्ने होला भन्ने अन्योलताले पिरोलेको छ । बेलाबेलामा घर ढलेको एउटा नराम्रो सपना मात्र भैदिए हुन्थ्यो जस्तो लाग्छ उनीलाई । 'बुढा पनि अब ६० पुग्न लागे, जागिर खान पाउँदैनन् । म बुढी कहाँ जाने कमाउन ? कहाँ बस्ने, कसरी मुखहात जोड्ने भनेर पिर लाग्छ', उनले भनिन्, 'सहयोग भन्ने कुरा दुई÷चार दिन त हो, त्यसपछि त आफैँले गर्नुपर्छ । सधैँभरि अरुको मुख ताकेर नि हुन्न । जीवनभरको कमाइ त्यही एउटा घर थियो, त्यो पनि गयो । हाम्रो त बाँच्ने आधार नै गयो ।' राज्यले कल्भर्ट बनाउँदा लापरबाही गरेकै कारण आफूहरुको यस्तो दुरावस्था आएको उनले गुनासो गरिन् । विकास निर्माणका क्रममा हुने यस्तो स–साना गल्तीहरुले कसैको जीवनमा ठूलो क्षति हुनसक्ने जीवन्त उदाहरण हो मानसिंहको घर । सानो लापरबाहीले गर्दा एउटा परिवार विस्थापित हुनुपर्ने अवस्था आएकाले राज्यले यसको जिम्मेवारी लिनुपर्ने मानसिंहको भनाइ छ ।

उनीहरुलाई गोरखा नगरपालिकाले तत्कालका लागि रु २५ हजार नगद सहयोग गरेको छ । गुरुङ परिवारको पुनर्वासको हकमा भने घर बनाउनका लागि जिल्ला विपद् व्यवस्थापन समितिमार्फत चार लाख रुपैयाँ उपलब्ध गराउन सकिने गोरखा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत एकदेव खनालले बताए । यस विषयमा थप निर्णय गर्न भने बाँकी रहेको उनले जानकारी दिए । गोरखा नगरपालिका–९ का वडाध्यक्ष कुलबहादुर कुँवरले गुरुङ परिवारलाई ५० हजार नगद सहयोग गराएका छन् । यस्तै, गुरुङ समाज, टोल विकास संस्था र अन्य सङ्घ संस्थाहरुले पनि मासिंहको परिवारलाई केही खाद्यान्न सहयोग गरेका छन् । रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ ।

# पर्सा, बारामा सर्पदंशका घटनामा वृद्धि



**मधेशदृष्टि**
**वीरगंज।**
पर्सा र बारामा केहि साता यता सर्पदशंका घटना बढेको छ । पर्साको वीरगन्जस्थित नारायणी अस्पतालमा दिनहुँ सात आठ जना बिरामी उपचारका लागि आउने गरेका छन । मंगलबारपनि नारायणी अस्पतालमा सर्प दंशबाट गम्भीर घाइते एक महिलासहित चार जनाको उपचार भइरहेको छ । अस्पतालका चिकित्सक डा. दीपक चौरसियाका अनुसार, बाराको जीतपुरसिमरा उपमहानगरपालिका–९ की ५० वर्षीया रामपती देवी, पर्साको कालिकामाई गाउँपालिका–२ का २७ वर्षीया रिमा चौरसिया, २० वर्षीया प्रिन्स चौरसिया र बहुदरमाई नगरपालिका–८ रामनगरीकी ८ वर्षीया मनिषा पटेलको उपचार भईरहेको हो।
डा. चौरसिया नेतृत्वकै स्वास्थ्यकर्मीको टोलीले उनिहरुको उपचार गरिरहेको छ। चर्को गर्मी र बर्षा पछिको बाफिलो वातावरणका कारण सर्पहरू बाहिर निश्कने हुँदा सर्पदंशको घटना बृद्धि भएको विज्ञहरूको भनाई छ। केही दिन अघि एन्टी स्नेक भेनमको अभाव हुँदा उपचार प्रभावित बनेको नारायणी अस्पतालमा अहिले भने सरकारले एन्टी स्नेक भेनम केहि डोज पठाए पछि सर्पदंशको उपचार भईरहेको छ।

## देवानगञ्ज र गोलबजार घटना प्रकरणः

# दुई समितिले बुझाए छानविन प्रतिवेदन

**मधेशदृष्टि**
**जनकपुरधाम।**
सुनसरीको देवानगञ्ज र सिरहाको गोलबजारमा भएको घटनाबारे छानबिन गर्न गठित दुई समितिले छानबिन सकेर प्रतिवेदन बुझाएको छ । दुई समुदायबिच भएको विवाद र उत्पन्न झडपमा परेर सुनसरीको देवानगञ्ज गाउँपालिका–३ स्थित कप्तानगञ्जमा ३ जनाले ज्यान गुमाए । साउन १० मा भएको सो घटनाको असर मधेस प्रदेशेको सिरहामा पनि फैलियो। साउन १४ मा सिरहाको गोलबजारमा प्रदर्शन हुँदा प्रहरीसँगको झडपमा परेर १८ वर्षीय गणेश यादवले ज्यान गुमाए । दुवै घटनाका मृतकहरूलाई सरकारले सहिद घोषणा गरेको छ । कप्तानगञ्जको झडपमा मृत्यु हुनेमा ३० वर्षीय ओमप्रकाश मेहता, २० वर्षीय जयप्रकाश मेहता र २२ वर्षीय रविन्द्र मेहता छन् । चारै जनाको मृत्यु 'सुरक्षाकर्मीको गोली लागेर' भएको छानबिन समितिको निष्कर्ष छ ।कप्तानगञ्ज घटनाबारे सहसचिव भुपेन्द्र थापा र गोलबजारमा भएको घटनाबारे गृह मन्त्रालयकै अर्को सहसचिव पुष्पराज शाही नेतृत्वको समितिले छानबिन गरेको थियो । दुवै समितिले सुरक्षाकर्मीकै गोलीबाट मानवीय क्षति भएको निष्कर्षसहित प्रतिवेदन बुझाएको गृह मन्त्रालयका एक उच्च अधिकृतले बताए।

# मुलुकको अवस्थाप्रति ध्यानाकर्षण गराउँदै ज्ञापन

**मधेशदृष्टि**
**वीरगंज।**
नेपाली कम्युनिष्ट पार्टी पर्सा जिल्ला समितिले मुलुकको आर्थिक, सामाजिक तथा प्रशासनिक अवस्थाप्रति सरकारको ध्यानाकर्षण गराउँदै १२ बुँदे मागसहित ज्ञापनपत्र बुझाएको छ । पार्टीका पर्सा जिल्ला संयोजक जयप्रकाश थारुको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय पर्सामार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई ज्ञापनपत्र पठाइएको हो।
ज्ञापनपत्रमा किसानलाई सहज र सस्तो रूपमा सिँचाइ, रासायनिक मल, बीउबिजन तथा कृषि सामग्री उपलब्ध गराउन माग गरिएको छ । सरकारी अनुदानमा उपलब्ध हुने मलखादमा हुने कालोबजारी नियन्त्रण गरी किसानलाई सर्वसुलभ रूपमा मल उपलब्ध गराउनुपर्ने पार्टीको माग छ।
त्यसैगरी नेपालमै उत्पादित विद्युत्को महसुल घटाउन तथा विद्युत्मा लगाइएको मूल्य अभिवृद्धि कर (भ्याट) हटाउन माग गरिएको छ। विद्युत् सेवा नियमित र भरपर्दो बनाउन तथा अघोषित लोडसेडिङ अन्त्य गर्नसमेत सरकारसँग आग्रह गरिएको छ।
स्वास्थ्य क्षेत्रतर्फ सरकारी अस्पतालमा रेबिजविरुद्धको खोप पर्याप्त मात्रामा उपलब्ध गराउन तथा सर्पदंशका बिरामीको उपचारका लागि एन्टिभेनमको पर्याप्त व्यवस्था गर्न माग गरिएको छ। उपचार सेवामा लगाइएको भ्याट हटाएर स्वास्थ्य सेवा सर्वसुलभ बनाउनुपर्ने पार्टीको धारणा छ।


भावपूर्ण श्रद्धाञ्जली



जन्मः
वि.सं.२००५

स्वर्गारोहण
वि.सं. २०८३

स्व. मोहन लाल चाचान

चाचान समूहका निर्देशक एवं वरिष्ठ उद्योगपति **मोहन लाल चाचान** ज्यूको असामयिक स्वर्गारोहण भएको आज **१२ औं दिनको पुण्य तिथी**मा दिवंगत आत्माको चिरशान्तिको लागि श्री पशुपतिनाथसँग प्रार्थना गर्दै **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दछौं ।
दुःखको यस घडिमा शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने क्षमता परमेश्वरले प्रदान गरुन् भन्ने आत्मीय समवेदना प्रकट गर्दछु ।

**ध्रुव साह**
**अध्यक्ष**
मधेश दृष्टि दैनिक
रेडियो बीरगंज, टिभी बीरगंज परिवार


# मधेश प्रदेश खर्च मापदण्ड निर्देशिका २०८३ जारी



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले वित्तीय सुशासन, पारदर्शिता र मितव्ययिता कायम गर्न 'मधेश प्रदेश खर्च मापदण्ड निर्देशिका, २०८३' जारी गरेको छ । सरकारी कोषको दुरुपयोग रोक्दै बजेटलाई नतिजामुखी बनाउने उद्देश्यले प्रदेश सरकारले खर्च व्यवस्थापनमा कडाइ गरेको हो । अर्थमन्त्री युवराज भट्टराईका अनुसार विगतमा देखिएका फजुल खर्च र आर्थिक विकृति अन्त्य गर्न नयाँ व्यवस्था लागू गरिएको हो ।
निर्देशिका अनुसार अब मन्त्री तथा विशिष्ट पदाधिकारीले प्रयोग गर्ने सरकारी जिन्सी सामानको अनिवार्य रूपमा भरपाई गर्नुपर्नेछ । पदावधि सकिएपछि वा सरुवा हुँदा ती सामान स्टोरमा बुझाएपछि मात्र बरबुझारथ हुने व्यवस्था गरिएको छ । भ्रमण भत्तामासमेत कडाइ गरिएको छ । प्रदेशभित्र एकपटकमा बढीमा चार दिन र महिनाभरिमा जतिसुकै पटक भ्रमण गरे पनि अधिकतम १२ दिनको मात्र भ्रमण भत्ता उपलब्ध गराइने उल्लेख छ ।
मन्त्रीका स्वकीय सचिवालयका कर्मचारीले मन्त्रीसँग भ्रमणमा जाँदा मात्र भ्रमण अवधिको भत्ता पाउने व्यवस्था गरिएको छ । सवारी साधनको जथाभावी प्रयोग नियन्त्रण गर्न कानुनले तोकेका सचिव र सोसरहका पदाधिकारीले मात्र सवारी सुविधा पाउने व्यवस्था गरिएको छ । कार्यालय प्रयोजनका लागि निश्चित संख्यामा मात्र सवारी साधन राख्न पाइनेछ । तोकिएको दरबन्दीभन्दा बढी रहेका सवारी साधन आवश्यकता र औचित्यका आधारमा अन्य निकायमा हस्तान्तरण गरिनेछ ।
निर्देशिकामा आयोजनाको कन्टिन्जेन्सी रकम स्वीकृत लागत अनुमान र तोकिएको मापदण्डभित्र रहेर मात्र खर्च गर्न पाइने उल्लेख छ । सामान्य कार्यक्रम, गोष्ठी र नियमित बैठक होटलमा गर्न रोक लगाउँदै सरकारी कार्यालयकै सभा हल वा कार्यकक्षमा सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ । मन्त्री तथा पदाधिकारी सहभागी कार्यक्रममा खाना र खाजा खर्चमा समेत एकरूपता कायम गरिएको निर्देशिकामा उल्लेख छ ।

# डिएसपी अधिकारी बेस्ट इन्टिग्रिटी अर्वाबाट सम्मानित



**मधेशदृष्टि**
**वीरगंज।**
सशस्त्र प्रहरी बल नेपालका प्रहरी नायब उपरीक्षक विकास अधिकारी र सशस्त्र प्रहरी निरीक्षक उत्तर वाईवा 'बेस्ट इन्टिग्रिटी अवार्ड २०८३' बाट सम्मानित भएका छन् । वीरगंज उद्योग वाणिज्य संघले सशस्त्र प्रहरी उपरीक्षक स्वर्गीय सुमन थपलियाको स्मृतिमा स्थापना गरेको उक्त अवार्डबाट अधिकारी र वाईवालाई जनही २५ हजार रुपियाँ नगदसहित सम्मानपत्र प्रदान गरिएको हो।
वीरगंज उद्योग वाणिज्य संघ र सशस्त्र प्रहरी बल नेपाल नं. १३ गण हेडक्वार्टर पर्साको संयुक्त आयोजनामा भएको कार्यक्रममा सशस्त्र प्रहरी बल नेपाल नं. २ छिन्नमस्ता बाहिनीका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक विष्णुप्रसाद भट्ट र वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतमले सम्मान तथा पुरस्कार प्रदान गरेका थिए।
अवार्ड प्रदान गर्दै संघका अध्यक्ष गौतमले स्वर्गीय थपलियाले सुरक्षा क्षेत्रमा पु¥याएको योगदान तथा राष्ट्र सेवाप्रतिको समर्पणलाई चिरस्थायी बनाउन अवार्ड स्थापना गरिएको बताए। निजी क्षेत्र र सुरक्षा निकायबीच आपसी सहकार्य, समन्वय र विश्वासलाई थप मजबुत बनाउनुपर्नेमा उनले जोड दिए।

## श्रोत र कोषको व्यवस्था नहुँदा

# सामान्य समस्या समाधान गर्न नसकेको गुनासो



**मधेशदृष्टि**
**वीरगंज।**
राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद हरि (बुद्धिप्रसाद) पन्तले सांसदसँग स्रोत र कोषको व्यवस्था नहुँदा निर्वाचन क्षेत्रमा देखिएका सामान्य समस्यासमेत समाधान गर्न नसकेर निरीह बन्नुपरेको बताएका छन् । मंगलबार बसेको प्रतिनिधिसभाको बैठकमा बोल्दै सांसद पन्तले निर्वाचन क्षेत्रका जनताले आफ्ना समस्या समाधानका लागि सांसदसँग अपेक्षा राख्नु स्वाभाविक भए पनि सांसदसँग त्यसका लागि आवश्यक स्रोत र कोष नहुँदा समस्या समाधान गर्न नसकिएको बताए।
उनका अनुसार निर्वाचन क्षेत्रमा देखिने कतिपय समस्या स्थानीय सरकारले न्यून बजेट र सीमित जनशक्ति परिचालन गरेर तत्काल समाधान गर्न सक्ने खालका छन् । तर सामान्य समस्यासमेत समयमा समाधान नहुँदा त्यसको प्रत्यक्ष असर सर्वसाधारण र विद्यार्थीमा परेको उनले बताए।
त्यस्तै कतिपय विद्यालयमा पर्याप्त डेस्क–बेन्च नहुँदा विद्यार्थी भुइँमा बसेर पढ्नुपर्ने तथा कक्षाकोठामा पंखाको व्यवस्था नहुँदा गर्मीका कारण विद्यार्थी बेहोस हुने अवस्थासमेत रहेको उनले सदनलाई जानकारी गराएका थिए। सांसद पन्तले सांसदसँग आफ्ना निर्वाचन क्षेत्रका यस्ता समस्या समाधान गर्ने स्रोत नहुँदा जनताका समस्या हेरेर फर्किनुबाहेक विकल्प नरहेको बताए । उनले विगतमा रहेको संसदीय कोषको दुरुपयोग नभएको भए अहिले त्यसलाई सही ढङ्गले सदुपयोग गर्न सकिने अवस्था रहने धारणा पनि राखे । उनले उद्देश्य सही भएपनि पात्र र प्रवृत्ति गलत हुँदा कतिपय विषय नै विकृत बन्न पुगेका उदाहरणका रूपमा संसदीय कोषको विषयलाई लिन सकिने बताए।

# यातायात कार्यालय...

अब प्रहरी र सम्बन्धित सरकारी निकायले आफ्नो भूमिका कानुनी रूपमा स्पष्ट पार्नुपर्ने अवस्था सिर्जना भएको छ । सार्वजनिक कार्यालयभित्र सेवाग्राहीमाथि कुटपिट भएको भनिएको भिडियो सार्वजनिक हुन्छ । सम्बन्धित कार्यालय प्रमुखमाथि प्रशासनिक कारबाहीस्वरूप सरुवा हुन्छ । प्रहरीले पीडितलाई जाहेरी दिन आग्रह गर्छ। तर पीडितले जाहेरी लिएर पुगेपछि दर्ता नभएको दाबी गर्छ । हुलाकमार्फत पठाइएको जाहेरी पनि प्रक्रियामा नआएको आरोप लाग्छ । त्यसपछि अनुसन्धानको साटो मिलापत्र गराउन खोजिएको आरोप उठ्छ। अन्ततः पीडित न्याय खोज्दै अदालत पुग्न बाध्य हुन्छ।
यो केवल अरुण कुशवाहाको व्यक्तिगत न्यायको प्रश्न मात्र होइन। सार्वजनिक कार्यालयभित्र नागरिकमाथि बल प्रयोग भएको आरोप लाग्दा प्रहरी प्रशासनले कानुनअनुसार अनुसन्धान गर्छ कि प्रभाव, पहुँच र सम्भावित चलखेलका आरोपबीच घटनालाई अलपत्र पार्छ भन्ने प्रश्न पनि हो। अब अदालतको आदेश र सम्बन्धित निकायको आगामी कदमले 'कानुन सबैका लागि समान रूपमा लागू हुन्छ कि सार्वजनिक पद र प्रभावका आधारमा जाहेरीसमेत दर्ता हुन वा नहुन सक्छ ?' यसको तथ्य स्पष्ट गर्नेछ। पीडितले पाँच महिनाभन्दा बढी समयदेखि खोजिरहेको जवाफ अब प्रहरी कार्यालयको ढोकामा होइन, अदालतको आदेशमार्फत खोजिन थालेको छ।
यता श्रम तथा यातायात मन्त्रालय, मधेश प्रदेशले पनि जिल्ला प्रहरी कार्यालयले गर्ने कारवाही प्रक्रियालाई पर्खिरहेको जनाएको छ । घटना सार्वजनिक भएपछि तत्कालै मन्त्रालय तानिएका तत्कालीन कार्यालय प्रमुख आचार्यमाथि ज्यान मार्ने उद्योगसम्बन्धी जाहेरी जिल्ला प्रहरी कार्यालयमा परेको हुनाले आन्तरिक कारवाहीलाई रोकेर पर्खिएको श्रम तथा यातायात मन्त्रालयका ब. उप–सचिव धनंजय कुमार सिंहले जानकारी दिए। उनका अनुसार आचार्यलाई तत्काल मन्त्रालयमा तानेर राखिएको छ, फौजदारी घटनामा जिल्ला प्रहरी कार्यालयले कानूनी प्रक्रिया अगाडि बढाएको कारवाही आन्तरिक कारवाही अहिले रोकिएको छ, त्यहाँबाट के कसो हुन्छ ? त्यही अनुसार अगाडि बढ्ने बताए।

जि.प्र.का. पर्सा दर्ता नं. ३११-०७९/८०
जि.हु.का. पर्सा दर्ता नं. १९८-०८०/८१


# भावपूर्ण श्रद्धाञ्जली



जन्म:
वि.सं.२००५

स्वर्गारोहण:
वि.सं. २०८३

## स्व. मोहन लाल चाचान

हाम्रा प्रात: स्मरणीय **मोहन लाल चाचान** को असामयिक स्वर्गारोहण भएको आज **१३औं दिनको पुण्य तिथि**मा दिवंगत आत्माको चिरशान्तिको लागि श्री परमेश्वरसंग प्रार्थना गर्दै **भावपूर्ण श्रद्धाञ्जली** अर्पण गर्दछौं । यस दु:खद घडीमा हामीप्रति सहानुभूति एवं सान्त्वना प्रकट गर्नुहुने समस्त नातेदार इष्टमित्र एवं शुभचिन्तकहरुप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं ।

**श्रीमती : सरोज देवी चाचान**

**छोरा/बुहारीहरू**
सतिश-पूजा चाचान

**छोरी/ज्वाईहरू**
राजश्री-विवेक सर्राफ

**दाजु/भाउजुहरू**
बाबुलाल चाचान-कृष्णा देवी चाचान
परमेश्वर लाल चाचान-गिता देवी चाचान
- /कुसुम देवी चाचान

**भाई/बुहारीहरू**
श्रवण कुमार चाचान - संगिता देवी चाचान
- / सुनिता देवी चाचान
- / मिरा देवी चाचान
- / ललिता देवी चाचान
ओम प्रकाश चाचान/ -
राधेश्याम चाचान/ -
बिनोद कुमार चाचान-पुष्पा देवी चाचान
सुशिल कुमार चाचान-सविता देवी चाचान
प्रमोद कुमार चाचान-कुसुम देवी चाचान
अनिल कुमार चाचान-सुधा देवी चाचान

**बहिनी/ज्वाईहरू**
शान्ति देवी बंका/ -
सरला देवी-राजेन्द्र कुमार टिबडेवाल
सविता देवी-गिरधारी लाल सर्राफ
मञ्जु देवी-विरेन्द्र कुमार संघई
सरिता देवी - प्रमोद कुमार खेतान
सुनिला देवी-शंकरलाल तोदी
सुमित्रा देवी-गिरधारीलाल टिबडेवाल
मञ्जु देवी मितल/ -
किरण देवी-प्रदिप कुमार कानोडिया
शारदा देवी लाठ/ -

**भतिजा/बुहारीहरू**
सज्जन-देवकी चाचान
संजय-पुनम चाचान
मनोज - सुमन चाचान
मनिष-शालिनी चाचान
बिनय-प्रज्ञा चाचान
निरज-उमा चाचान
रंजन-नैना चाचान
रोहित-जयन्ती चाचान
मोहित-सुमन चाचान
निखिल -दिपिका चाचान
पिउस-अदिती चाचान
अदिप-बबिता चाचान
अंकित-सुगन्धा चाचान
अंकित-अंजली चाचान
सचिन-अभिलाषा चाचान
सुमित-अदिती चाचान

**भतिजी/ज्वाईरीहरू**
रश्मी-दिनेश कुमार अग्रवाल
निलम-संदिप कुमार खेतान
दिपाली-अतुल कुमार सरावगी
निधि-विकाश कुमार तोदी
सिमा-सरद गोयल
स्वेता-विकाश कुमार मितल
रिमा-ललित अग्रवाल
पायल-विजय बेरासिया
अंकिता-विष्णु सिकारिया
हर्षिता-रिश्व जैन
अनुजा-अमन सरावगी
सिमा-अभिषेक अग्रवाल
पूजा-मनिष अग्रवाल

**नाति/बुहारीहरू**
सुशान्त-स्वाति चाचान
निशान्त-मृदुला चाचान

**नातिनी/ज्वाईहरू**
स्नेहा-प्रितिश अग्रवाल
श्रेया-केशव अग्रवाल

**नातिहरू**
रोचिश सर्राफ
आदित्य चाचान
शुभान्शु चाचान
शिवम चाचान
हर्ष चाचान
लोकेश चाचान
आलोक चाचान
शुभम् चाचान
तन्मे चाचान
वेदान्त चाचान
प्रियांश चाचान
आरव चाचान
दर्श चाचान
रुहान चाचान
इवान चाचान
जश्न चाचान

**नातिनीहरू**
लावण्या सर्राफ
अदिती चाचान
तान्या चाचान
वंशिका चाचान
मनसा चाचान
तृष्णा चाचान
नाईसा चाचान
रेवा चाचान
सानविका चाचान
मन्नत चाचान
मायरा चाचान
निवा चाचान

**पनाती**
सिद्धान्त चाचान

**पनातिनी**
सानवी चाचान
नाव्या चाचान

**भतिजाहरू**
अभिषेक चाचान

## चाचान परिवार, बीरगंज

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन